01 July 2024

**यो आकाशवाणी हो**

**समाचार पारसमणि दंगालबाट सुन्नुहोस्**

**सबैभन्दा पहिला आजका मुख्य समाचार**

- **संसदका दुवै सदनमा राष्ट्रपतिको अभिभाषणमाथिको धन्यवाद प्रस्तावमाथि चर्चा जारी**
- **डिजिटल इन्डिया पहलले सफलपूर्वक नौ वर्ष पूरा गरेकोमा प्रधानमन्त्रीले गर्नुभयो प्रशंसा**
- **आजदेखि देशमा लागू भएका तीनवटा नयाँ आपाराधिक कानुनले आधुनिक आपराधिक न्याय प्रणालीको नेतृत्व गर्ने गृहमन्त्रीको विचार**
- **बीसीसीआईले टी–२० विश्वकप जित्ने भारतीय टीमलाई १२५ करोड रुपियाँ पुरस्कार दिने गऱ्यो घोषणा, अनि**
- **महिला क्रिकेट टेस्ट म्याचमा भारतले दक्षिण अफ्रीकालाई गऱ्यो पराजित**

**अब समाचार विस्तारमा**

**संसद-धन्यवाद प्रस्ताव**

संसदका दुवै सदनमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको अभिभाषणमाथिको धन्यवाद प्रस्तावमाथि चर्चा भइरहेको छ।

लोकसभामा भारतीय जनता पार्टीका श्री अनुराग सिंह ठाकुरले चर्चामा भाग लिँदै पछिल्लो दश वर्षमा सरकारले विभिन्न क्षेत्रमा गरेका पहलहरूको प्रशंसा गर्नुभयो।

भाजपाकी सांसद सुश्री बांसुरी स्वराजले किसान कल्याण अनि महिला सशक्तिकरणमा सरकारको प्राथमिकतामाथि चर्चा गर्नुभयो।

यसअघि, सदनको कार्यवाही सुरु हुँदा विपक्षी नेता श्री राहुल गान्धीले NEET परीक्षामा कथित अनियमितताको मुद्दा उठाउनु भयो। रक्षामन्त्री श्री राजनाथ सिंहले संसदको कार्यवाही नियम र परम्परामा आधारित रहेको बताउनु भयो। उहाँले राष्ट्रपतिको अभिभाषणमाथि धन्यवाद प्रस्ताव आएपछि मात्रै छलफल हुनुपर्ने विपक्षलाई बताउनु भयो । NEET को विषयलाई लिएर विपक्षी सदस्यहरूले सदनबाट वाकआउट गरे।

आज बिहान राज्यसभाको कार्यवाही सुरु हुँदा सभापति श्री जगदीप धनकडले विपक्षी सदस्यहरूको स्थगन नोटिसलाई अस्वीकार गर्नुभएको थियो। त्यसपछि राष्ट्रपतिको अभिभाषणमाथिको धन्यवाद प्रस्तावमाथि छलफल सुरु भएको थियो । छलफलमा भाग लिँदै विपक्षी दलका नेता श्री मल्लिकार्जुन खड्गेले राष्ट्रपतिको सम्बोधनमा गरिब, दलित र अल्पसंख्यकका लागि केही नभएको बताउनु भयो । श्री खड्गेले पेपर लीक, रेल दुर्घटना, जम्मू कश्मीरमा आतंकवादी आक्रमण र अन्य मुद्दाहरू पनि उठाउनु भयो। श्री खड्गेले संसद भवन परिसरमा महात्मा गान्धी, डा. भीमराव अम्बेडकर र छत्रपति शिवाजीको मूर्तिलाई एक ठाउँबाट अर्को स्थानमा सारिएकोमा प्रश्न उठाउनुभयो।

सभापतिले आलोचनाका लागि मात्रै आलोचना गर्नु उपयुक्त नभएको भन्दै श्री खड्गेको टिप्पणीलाई अस्वीकार गर्नुभयो । संसदीय मामिला मन्त्री श्री किरण रिजिजुले पनि यस विषयमा सबै मूर्तिहरूलाई मानिसहरूले स्पष्ट रूपमा देख्न र श्रद्धाञ्जली अर्पण गर्नसक्ने ठाउँमा स्थापना गरिएको बताउनु भयो।

यसअघि दुवै सदनले टी–ट्वान्टी विश्वकप जितेकोमा भारतीय पुरुष क्रिकेट टीमलाई बधाई दिएका थिए।

छलफलमा भाग लिँदै, विपक्षी नेता श्री राहुल गान्धीले –NEET परीक्षा, अग्निवीर योजना, मणिपुरमा अशान्ति, विमुद्रीकरण, बढ्दो मँगाईलगायतका मुद्दाहरू उठाउनु भयो। प्रधानमन्त्री श्री नरेन्द्र मोदी अनि गृहमन्त्री श्री अमित शाहले हिन्दू समुदायलाई लिएर श्री राहुल गान्धीले गर्नुभएको टिप्पणीप्रति आपत्ति जनाउनु भयो। प्रधानमन्त्रीले सम्पूर्ण हिन्दू समुदायलाई हिंसात्मक भन्नु अत्यन्त गम्भीर विषय भएको बताउनु भयो । गृहमन्त्रीले श्री राहुल गान्धीको आपत्तिजनक टिप्पणीका लागि माफी माग्नुपर्ने माग गर्नुभयो। लोकसभा अध्यक्ष श्री ओम बिरलाले सदस्यले बोल्दा सदनको मर्यादा कायम राख्नु पर्ने बताउनु भयो ।

तृणमूल कंग्रेसका श्री जवाहर सरकार, आम आदमी पार्टीका श्री संजय सिंहलगायत अन्य सांसदहरूले पनि चर्चामा भाग लिनुभयो। चर्चा जारी छ।

**संसद - विरोध**

विपक्षी इन्डिया गठबन्धनले सरकारी निकायहरू - प्रवर्तन निर्देशनालय र केन्द्रीय अनुसन्धान ब्यूरोको दुरुपयोगको आरोप लगाउँदै आज संसदभवन बाहिर विरोध प्रदर्शन गर्‍यो । विरोध प्रदर्शनमा विपक्षी नेता श्री राहुल गान्धी र अन्य विपक्षी दलका वरिष्ठ नेताहरू सहभागी हुनुभएको थियो। उहाँहरुले जेलमा रहेका आम आदमी पार्टीका मन्त्रीहरुलाई रिहा गर्ने माग पनि गर्नुभयो।

**प्रधान मंत्री-डिजिटल भारत**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले डिजिटल इन्डिया पहलको सफलपूर्वक नौ वर्ष पूरा भएकोमा प्रशंसा गर्नुभएको छ। श्री मोदीले भन्नुभएको छ, डिजिटल इन्डिया सशक्त भारतको प्रतीक बन्न पुगेको छ। जसले जीवनको सहजता र पारदर्शितालाई प्रोत्साहित गर्दछ। उहाँले विगत एक दशकमा भएका प्रगतिका बारेमा पनि जानकारी दिनुभएको छ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**अमित - आपराधिक कानून**

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले आजबाट लागू भएका तीनवटा आपराधिक कानूनले देशको सबैभन्दा आधुनिक आपराधिक न्याय प्रणालीको नेतृत्व गर्ने बताउनु भएको छ। उहाँले भन्नुभएको छ, आपराधिक न्याय प्रणाली अब पूर्ण रूपमा 'स्वदेशी' भएको छ र स्वतन्त्रता पछि भारतीय लोकाचारमा अन्तर्निहित छ। श्री शाह आज नयाँ दिल्लीमा तीन आपराधिक कानुनका बारेमा जानकारी दिँदै हुनुहुन्थ्यो।

आजदेखि देशमा तीनवटा नयाँ आपराधिक कानून- भारतीय न्याय संहिता 2023, भारतीय नागरिक सुरक्षा संहिता 2023 अनि भारतीय साक्ष्य अधिनियम 2023 लागू भएका छन्।

श्री शाहले नयाँ कानुनले पीडितहरूलाई छिटो न्याय दिने र अधिकार सुनिश्चित गर्ने बताउनु भयो। गृहमन्त्रीले भन्नुभयो, पहिला पुलिसको मात्रै अधिकारको रक्षा हुन्थ्यो भने अब पीडित र उजुरीकर्ताको अधिकारको पनि संरक्षण हुनेछ।

सरकारले राष्ट्रविरोधी गतिविधिविरुद्धको नयाँ व्यवस्थासहित देशद्रोह कानुन खारेज गरिएको गृहमन्त्रीले बताउनु भयो। उहाँले नयाँ कानुनमा महिला तथा बालकबालिकाविरुद्ध हुने अपराधलाई प्राथमिकता दिइएको बताउनु भयो।

सामुहिक बलात्कार जस्ता जघन्य अपराधमा अब २० वर्ष कैद अथवा आजीवन कैद सजाय हुने पनि श्री शाहले बताउनु भयो। उहाँले नाबालिग बलात्कार मामिलामा मृत्युदण्डको सजाय हुने बताउनु भयो। नयाँ कानुनमा महिला अधिकारी र आफ्नै परिवारको उपस्थितिमा पीडितको बयान घरमै लिने व्यवस्था पनि रहेको श्री शाहले बताउनु भयो। उहाँले भन्नुभयो, नयाँ कानूनमा एफआईआर अनलाइन दर्ता गर्ने प्रावधान पनि समावेश छ।

विपक्षीले यी कानुनबारे गलत सूचना फैलाइरहेको गृहमन्त्रीले आरोप लगाउनुभयो। यी कानुनहरूमाथि लोकसभामा नौ घण्टाभन्दा धेरै र राज्यसभामा ६ घण्टाभन्दा धेरै छलफल भएको र ठूलो सङ्ख्यामा विपक्षी नेताहरूको सहभागिता रहेको उहाँले बताउनु भयो।

**NTA पुन: परीक्षा**

राष्ट्रिय परीक्षा एजेन्सी–एनटीएले आज एक हजार 563 उम्मेदवारको पुनः परीक्षापछि परिमार्जित परिणाम सार्वजनिक गरेको छ। नयाँ नतिजा आएपछि एनटीएले सबै उम्मेदवारको वरियता श्रेणी पनि परिमार्जन गरेको छ। सर्वोच्च

न्यायालयले एक हजार 563 उम्मेदवारलाई पुनः परीक्षा दिन निर्देशन दिएपछि गत महिना २३ तारिक पुनः परीक्षा भएको थियो ।

**भानु पुरस्कार**

प्रसिद्ध नेपाली भाषा साहित्य सेवक श्री डुपछिरिङ लेप्चालाई सिक्किमको साहित्यिक संस्था नेपाली साहित्य परिषद्, सिक्किमले वर्ष 2024 को प्रतिष्ठित भानु पुरस्कार प्रदान गर्ने घोषणा गरेको छ। श्री लेप्चालाई नेपाली भाषा साहित्यको विकासमा अतुलनीय योगदानका लागि यो पुरस्कार प्रदान गरिने भएको छ। पुरस्कार आउँदो 13 जुलाईको दिन गान्तोकमा आयोजना हुने २१० औं भानुजयन्ती समारोहमा अर्पण गरिनेछ।

BCCI - **पुरस्कार राशि**

भारतीय क्रिकेट कन्ट्रोल बोर्डले आईसीसी टी–२० विश्वकप जित्ने भारतीय टीमलाई १२५ करोड रुपियाँ पुरस्कार दिने घोषणा गरेको छ । शनिबार राति भारतको ऐतिहासिक जितपछि बोर्डका सचिव श्री जय शाहले यस्तो घोषणा गर्नुभएको हो। रोहित शर्माको कप्तानीमा टिम इन्डियाले प्रतियोगिता र विश्वकपका सबै खेल जितेर इतिहास रचेको छ ।

**महिला टेस्ट म्याच**

महिला क्रिकेटमा भारतले दक्षिण अफ्रीकालाई एक मात्र टेस्ट म्याचमा 10 विकेटले पराजित गरेको छ। चेन्नईको एम ए चिदम्बरम स्टेडियममा भएको म्याचको चौथो दिन भारतीय महिलाले म्याच सजिलै जिते। दक्षिण अफ्रिकाले पहिलो पारीमा 266 अनि दोस्रो पारीमा 373 रन बनाएर भारतलाई 37 रनको लक्ष्य दिएको थियो। भारतले पहिलो पारीमा 603 रन अनि दोस्रो पारीमा 37 रन बनाएर म्याच जित्यो।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **संसदका दुवै सदनमा राष्ट्रपतिको अभिभाषणमाथिको धन्यवाद प्रस्तावमाथि चर्चा जारी**
- **डिजिटल इन्डिया पहलले सफलपूर्वक नौ वर्ष पूरा गरेकोमा प्रधानमन्त्रीले गर्नुभयो प्रशंसा**
- **आजदेखि देशमा लागू भएका तीनवटा नयाँ आपराधिक कानुनले आधुनिक आपराधिक न्याय प्रणालीको नेतृत्व गर्ने गृहमन्त्रीको विचार**
- **बीसीसीआईले टी–२० विश्वकप जित्ने भारतीय टीमलाई १२५ करोड रुपियाँ पुरस्कार दिने गर्‍यो घोषणा, अनि**
- **महिला क्रिकेट टेस्ट म्याचमा भारतले दक्षिण अफ्रीकालाई गर्‍यो पराजित**

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो